# परिवर्तन पथमा बानेगाउँ

**शम्भु बस्नेत र बिरेन्द्र चौधरी**

**रिरास/ली-बर्ड, फालासैन बाजुरा**

## परिचय

बानेगाँउ बुढीगँगा नगरपालिका बाजुराको वडा नं. ४ मा पर्ने एउटा यस्तो गाउँ हो, जहाँ १४० परिवार रहेका छन् जस मध्य  बाहुन क्षेत्री र दलिको बसोबास लगभग बरावरी अर्थात ५०, ५० प्रतिशत रहेको छ । यो गाउँ नगरपालिको निकटमा भएर पनि कृषि क्षेत्रमा पछाडी परेको छ । यो पछि पर्नुको प्रमुख कारण भौगोलिक अवस्था पहिलो हो । यो गाउँको बस्ति दक्षिण पूर्व फर्केको पहाडको पाखामा छ । यहाँको माटो बलौटे दोमट प्रकारको छ र माटोमा चिश्यान कायम राखी बालीनालीको उत्पादन लिन बढी पानीको आवश्यता पर्दछ । पानीको स्रोत नजिकमा छैन् त्यसैले माघ देखि जेठसम्म त खानेपानीको समस्या यस गाउँका वासिन्दाले भोग्दै आएका छन् । त्यसैले यहाँका कतिपय कृषकले आफ्ना गाई तथा भैंसीहरू गाउँ भन्दा पर तुलनात्मक रुपमा पानीको सुविधा भएको स्थानका छाना (गोठ)मा राख्दै आएको बताएका छन् । दोस्रो कारण भनेको कृषि सेवामा पहुँच कम हुनु हो । यद्यपि यहाँ तीन वटा नगरपालिकामा दर्ता भएका कृषक समूह छन् । यहाँका कृषकले आफ्नो उत्पादनले तीन देखि छ महिना मात्र खान पुग्ने बताएका छन् । यस्तै कृषि तथा खाद्य प्रणालीका लागि नवीकरणीय उर्जा (रिरास) परियोजना सञ्चालन पूर्व केवल ५ महिनामात्र आफ्नो बारीमा उत्पादन भएको ताजा तकारीले खानपुग्ने समूदायका सदस्यहरूले बताएका थिए ।



कृषि विज्ञ डा. विष्णु कुमार धिताल बानेगाउँको कृषकको बारी अवलोकन गर्दै ।

नगरपालिकाको सिफारिस तथा समन्वयमा रिरास परियोजनाको नवीकरणीय उर्जा (AEPC/RERLले बार्जुगाडबाट बानेगाउँसम्म लिफ्ट सिंचाईको कार्य गर्न थालेको छ । यसका साथै खाद्य तथा पोषणमा काम गर्ने रिरास परियोजनाको अर्को साझेदार (कृषि क्षेत्रमा काम गर्ने) जैविक विविधता अनुसन्धान तथा बिकासका लागि स्थानीय पहल (ली बर्ड)ले २०८० को पुस १५ पछि दुई समूहका क्रमश: ३० क्षेत्रीबाहुन र १५ दलित गरी ४५ घरधुरीमा कार्यक्रम सञ्चालन गर्न शुरुगऱ्यो ।

रिरास परियोजनाका क्रियाकलाप सञ्चालन गर्ने सिलसिलामा ली-बर्डले स्थानीय जानकार व्यक्तिहरूसँग एक स्थानीय बस्तुस्थितिको विश्लेषण गरेको थियो । सो विश्लेषणको परिणाम अनुसार सबै परिवारमा आफ्नो उत्पादनले तीन देखि छ महिना मात्र खान पुग्ने, यस्तै ताजा तरकारीको हकमा गाउँका करिब सबै परिवारलाई पाँच महिना मात्र आफ्नो उत्पादनको खान पाउने र कसैले पनि ताजा तरकारी बिक्री नगरेको जानकरी प्राप्त भयो । साथै सम्बन्धित् समुदायमा

नयाँ प्रविधि तथा ज्ञानको प्रयोग नगरेको देखियो । यसका साथै कृषि सम्बन्धि तालिम पनि नपाएको उनिहरूको भनाई थियो ।

## रिरास परियोजना अन्तर्गत क्रियाकलापहरू

### क) क्षमता विकास

रिरास परियोजना क्रियाकलाप सञ्चालन गर्ने सिलरिलामा ली-बर्डले क्षमता विकास तर्फ बेमौसमि नर्सरी तथा तरकारी खेती, एकिकृत घरबगैंचा व्यवस्थापन, स्थानीय तथा रैथानेबालीको महत्व, जलवायु मैत्री कृषि, संरक्षित कृषि तथा बालीको बीउ व्यवस्थापन र संरक्षण कृषिका बारेमा तालिमहरू सञ्चालन गऱ्यो । यहाँका केही कृषकले रैथाने तथा स्थानीय बालीको परिकार बनाउने तालिममा पनि भागलिने अवसर प्राप्त गरेका थिए । त्यसले गर्दा खेती गर्ने नयाँ प्रविधिका साथै धेरै मानिसका अगाडी पनि बोल्न सक्ने भएका छन् । **धर्ममाण्डु कृषक समूहकी अध्यक्ष दुर्गा खत्री भन्नु हुन्छ "बेमौसमी तरकारी खेती लगाउने चलन थिएन र तरकारी बेच्ने गरिंदैनथ्यो । यो वर्ष तरकारी लगाएर खाने तथा बेच्न पनि थालियो । त्यसैले बेमौसमी नर्सरी गर्न, तरकारी खेती गर्न, गोठ तथा भकारो सुधार गर्न सिकेयौं ।"**

### ख) बीउ तथा प्रविधि

पौष देखि असार १५ गते भित्र बानेगाउँमा काँक्रा, करेला, बोडी, भेण्डी, भेन्टा, कुरिलो, सिमि, स्वीसचार्ड, भेडेखुर्सानी मार्से (लट्टे) प्याज, गोलभेडा, तिराई, आदि जस्ता तरकारीका बीउ बितरण गरेको थियो । बानेगाउँमा गहुँत संकल, भकारो सुधार सहितका आठ जना कृषककोमा गोठ सुधार गरियो । यसका साथै पानी कम भएकाले यहाँका केही कृषककोमा जुठेल्नो खाडलमा प्लाष्टिक राखेर पानी संकलन गरी तरकारीमा लगाउने तरिका सिकाइयो । र नमुना कृषककोमा थोपा सिंचाई पनि प्रदर्शन गरिएको छ ।



पार्वती कटवाल, आफ्नो टमाटर खेतीमा

### ग) कृषि औजार तथा यन्त्र



बानेगाउँमा मेसिन हस्तान्तरण कार्यक्रमको झलक

रिरास परियोजनामा ली-बर्ड मार्फत समूहका सबै घरधुरीलाई दाँते सहितको कुटो, बीउ राख्नका लागि सुपर ग्रीन ब्याग, दियो भने, छानिएका कृषकलाई टनेल, थोपा सिंचाइ, झोलमल बनाउने ड्रम, तथा हजारी वितरण गरेको थियो । यस बाहेक महिलाको कार्यबोज कमगर्न बिद्युतबाट चल्ने मकै छोडाउने मेशिन, र गहुँ, धान तथा कोदो चुट्न मिल्ने बहुबाली चुट्ने मेसिन पनि समूहलाई जनप्रतिनिधिका रोहवरमा हस्तान्तरण गरिएको छ ।

### उपलब्धि

यद्यपि लिफ्ट सिंचाई सञ्चान हुनै बाँकि छ। रिरास परियोजनाले कार्य गर्न थालेको पाँच महिना भित्र नर्सरी व्यवस्थापन, थोपा सिंचाई, टनेलमा गोलभेडा खेती, तरकारीहरूको बेर्ना सार्ने तरिका, गोठ सुधार, जुठेलो खाडल, झोल बिषादी बनाउने तरिका कृषकले सिकेका छन्। थोरै रकमको भए पनि ६ जनाले ताजातरकारी बिक्री गर्न थालेका छन्। समूहमा आबद्ध सबै सहभागिले पहिलो पटक चैत देखि नै आफ्नै बारीमा फलेको ताजा तरकारी उपभोग गर्न पाएको बताएका छन् । यो भन्दा पहिला असार देखि भदौसम्म र मंसिर देखि फागुनसम्म मात्र आफ्नो बारीबाट ताजा तरकारी खान पाईने गरेको बताएका छन्। धर्ममाण्डु कृषक समूहकी सचिव कमला रोकाय भन्नुहुन्छ **"पहिला पानी छैन भनेर तरकारी लगाउँदैन थियौं, तर पानी नभए पनि आफ्नो परिवारलाई खानका लागि केही केही तरकारी उत्पादन गर्न सकिने रहेछ भन्ने सिकेयौं, धेरै खुसी लागेको छ।"**

**"रिरास परियोजना लागु भएपछि बानेगाउँ ४, बुढीगँगाका महिलाहरू उद्यमी बनेर आफ्नो काम आफैं गरेर आफ्ना छोराछोरीलाई कालाकाठो (पालनपोषण) गर्न सकिन्छ भन्ने जागरण पलाएको छ। यो यस्तो सुख्खा खडेरी भएको ठाउँमा गाग्रीमा बोकेर ल्याएको पानीले चैत्र बैसाकमा हरियासाग सबजी र काँक्रा फलाएर खुवाए। यस स्थानमा पहिला साउन देखि असोजसम्ममा चिचिण्डा मात्र फलेको देखिन्थ्यो। ली-बर्डको सहयोगमा महिलाहरू उद्यमशील भएको देखेर यहाँका पुरुषले पनि महिलालाई सहयोग गर्न थालेका छन्। नत्र पुरुषहरू दिउँसभरी बरालिएर आउने र बास महिलाले किनेर ल्याएर पनि पकाउनु पर्ने थियो। अहिले आफ्नोबारीमा उत्पादन गरेर बाहिर बेच्न नसकेपनि आफ्नो गाउँठाउँ र विद्यालयलाई दिन सक्ने भए। यहाँका महिलाको प्रगति देखेर अन्य समूहहरूले पनि यसरी गर्ने पाए हुने थियो भन्न थालेका छन्"।** भन्नु हुन्छ वडा नं. ४ का अध्यक्ष मिन बहादुर शाह। वहाँ थप्नु हुन्छ मैले यो स्थानको ५५ वर्ष देखि अवलोकन गर्दै आएकोमा **बानेगाउँमा बैसाक महिनामा काँक्रा फलाएर खाएको यो पहिलो चोटी हो।**

## तरकारी उपभोग तथा बिक्री

रिरास परियोजनाबाट २०८० सालको माघ देखि २०८१ जेठ सम्ममा वितरण गरेका १५ प्रकारका तरकारीका बीउ मध्ये पाँच प्रकारका तरकारीको उत्पादन लिन थालेको अध्ययनमा देखिएको छ । जीवनमा पहिलो पटक ताजा तरकारी बेच्ने छ जना समूह सदस्य भएको पाईएको छ । बेमौसममा पनि यतिको उत्पादन र उपभोग गरेको विवरण यो तलको तालिकामा उल्लेख गरिएको छ ।

| तरकारीको नाम | उपभोग गरेको किलोग्राम | बिक्री गरेको किलोग्राम | जम्मा उत्पादन किलोग्राम |
|---|---|---|---|
| काँक्रा | २६१ | ३७ | २९८ |
| स्वीसचार्ड | १५१ | १३ | १६४ |
| मार्से (रामेछाम हरियो) | १२५ | ० | १२५ |
| करेला | १६३ | ५ | १६८ |
| चौमासे सिमि | १५० | ० | १५० |
| **जम्मा** | **८५०** | **५५** | **९०५** |

बुढीगँगा नगरपालिकाले  सहास नेपाल, रिरास ली-बर्ड र गिफ्ट सँगको सहकार्यमा यो वर्ष जेठ तिसगते पाँचौ कृषि मेला सञ्चालन गरेको थियो । बानेगाउँका कृषक समूहका सदस्यहरूले यो वर्ष पहिलो पटक भागलिएका थिए । यो वर्ष उनिहरू कृषि बालीहरू, डेउडा नाँच र रैथाने या स्थानीय बालीका परिकारका प्रदर्शनीमा भाग लिएका थिए । उनिहरूले पहिलो पटकमा नै बाली प्रदर्शनी, परिकार र डेउडा नाचमा गरी रु १७०००/- नगद र २ हजारी तथा १ रोल गार्डेन पाईप पुरस्कार पाएका थिए ।



धर्ममाण्डु समूह अध्यक्ष मेयरबाट पुरस्कार ग्रहण गदौ ।

उनिहरूले कृषि मेला प्रदर्शनीमा नौला तथा नयाँ बालीहरू देखेको र कुरिलो तथा गाँजरको बीउ सहितको बोट अनौठो लागेको बताए । यो भन्दा पहिलाका कृषि प्रदर्शनी मेलाहरूमा दर्शकका रुपमा मात्र जाने गरेको उनिहरूले बताए ।

शुरुवाती वर्षको छ महिना भित्रमा नै उत्पादन, उपभोग तथा बिक्री गर्ने थालेकाले आगामि वर्ष अझै राम्रो गर्ने अपेक्षागर्न सकिन्छ । यो परिवर्तन ल्याउन स्थानीय सरकार जनप्रतिनिधि तथा कर्मचारी तथा स्थानीय कृषकको ठूलो साथ तथा सहयोग रहेको अवगत गराउन चहाँन्छौ । यसका लागि धेरै धेरै धन्यवाद व्यक्त गर्दछौं ।

## परियोजना तथा कार्यक्षेत्रको संङ्क्षिप्त परिचय

**कृषि खाद्य प्रणालीका लागि नवीकरणीय उर्जा (रिरास)**

Royal Norwegian Embassy र UNDP को आर्थिक साझेदारीमा AEPC, ICIMOD, WFP र जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)को संयुक्त साझेदारी र स्थानीय सरकारसंगको समन्वयमा सञ्चालन भईरहेको Renewable Energy For Resilient Agro-Food System (RERAS) परियोजनालाई नेपालीमा कृषि खाद्य प्रणालीका लागि नवीकरणीय उर्जा (रिरास) का नामले चिनिन्छ । यो परियोजना बाजुरा जिल्लाका ६ पालिका, मुगुको एक पालिका, जुम्लाको तीन पालिका र सिन्धुलीको एक पालिकामा सञ्चालित छ । रिरास परियोजना सञ्चालित बाजुरा जिल्लाका ६ पालिका मध्ये बुढीगँगा नगरपालिका पनि एउटा हो । यो पालिकाको वडा नं. ४ मा तीन समूह र वडा नं. १० मा दुईवटा गरी जम्मा ५ वटा समूहका १३० परिवारसँग यही २०८० पौष १५ गते देखि कृषिका माध्यमबाट पोषण सुधार तथा आयआर्जनको क्षेत्रमा कामगर्दै आएको छ ।